## द्विपक्षीय व्यापार तथा पारवहन (चीन) शाखाको कार्यक्षेत्र

1. नेपाल-चीन वाणिज्य वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
2. नेपाल-चीनबीच सडक तथा रेलमार्गबाट हुने पारवहन ढुवानी सम्बन्धी वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
3. नेपाल-चीन बीच अन्तर सरकारी संयन्त्र, नेपाल-तिब्बत व्यापार सहजीकरण समिति लगायत अन्य प्राविधिक समितिहरुको बैठक आयोजना तथा सहभागिता सम्बन्धी कार्य गर्ने । नेपालको तर्फबाट त्यस्ता अन्तर सरकारी संयन्त्रहरुको बैठकमा छलफल गरिने एजेन्डा तय गर्ने, विषयवस्तुको छनौट, वार्ता, सम्झौता र कार्यान्वयन गर्ने सम्बन्धी कार्यहरु,
4. नेपाल-चीनबीच अनधिकृत व्यापार नियन्त्रण सम्बन्धी वार्ता, सन्धि, सम्झौता, कार्यान्वयन, संशोधन, नवीकरण र नियमन गर्ने सम्बन्धी कार्यहरु,
5. चीनसँग जोडिएका सीमा नाकाहरुमा व्यापारजन्य पूर्वाधारहरु ICP/ICD/CFS को विकास, गोदाम निर्माण र गोदाम सेवा विस्तार सम्बन्धी कार्यहरु,
6. चीनसँग जोडिएका सीमा नाकाहरुमा क्वारेन्टाइन/प्रयोगशाला स्थापना तथा संचालन सम्बन्धी कार्यहरुमा समन्वय र सहजीकरण गर्ने सम्बन्धी कार्यहरु,

7. नेपालको आयात निर्यात व्यापारमा सहयोग पुर्याउन पारवहनको लागि सडक तथा रेल मार्गको पहिचान गर्ने, तोक्ने (Designate) र उपयोग गर्ने सम्बन्धी कार्यहरु,

8. तेस्रो मुलुकबाट चिनियाँ बन्दरगाह हुँदै नेपाल पैठारी हुने तथा नेपालबाट चीन हुँदै तेस्रो मुलुकमा निकासी हुने वस्तुको क्लियरिङ अन्डरटेकिङ सेवा, कार्गो गोदाम लगायत लजिस्टिक सम्बन्धी सुविधा व्यवस्थापन सम्बन्धी कार्यहरु,

9. व्यापार र पारवहनका लागि चीनस्थित नेपाली नियोगहरुसँग सम्पर्क र समन्वय गर्ने सम्बन्धी कार्यहरु,

10. नेपालको व्यापार र पारवहन सुविधा विस्तारका लागि उपयुक्त चिनियाँ बन्दरगाहहरुको पहिचान र उपयोग सम्बन्धी कार्यहरु,

11. नेपाल-चीनबीच विद्यमान व्यापार तथा पारवहन नाकाहरुको प्रभावकारी सञ्चालन, व्यवस्थापन, सुविधा विस्तार तथा पुनरावलोकन सम्बन्धी कार्यहरु,

12. तेस्रो मुलुकबाट चीन हुँदै आयात निर्यात हुने व्यापार अभिवृद्धि गर्न वस्तुको बहुविधिक ढुवानी (Multimodal Transport) सम्बन्धी कार्यहरु,

13. नेपाल र चीनबीच व्यापार विस्तारका लागि बेल्ट एण्ड रोड प्रयास (Belt and Road Initiatives) को सदुपयोग गर्दै व्यापार तथा पारवहनजन्य पूर्वाधार विकास सम्बन्धी कार्यहरु,

14. नेपाल र चीनको स्वशासित क्षेत्र तिव्वत बीच व्यापार, पारवहन तथा अन्य सम्बन्धित विषयहरू सम्बन्धी कार्यहरु,

15. नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, नेपाल इन्टरमोडल यातायात विकास समितिको चीनसँग सम्बन्धी कार्यहरु,

16. नेपाल-चीन बीचको ट्रेड प्रोफाइल तयार गर्ने सम्बन्धी कार्यहरु ।